**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज गेबोरोनमा बोत्सवाना बोत्सवानाका राष्ट्रपति डुमा बोकोसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले दिल्ली बम विस्फोटमा संलग्न सबैले जाच एजेन्सीहरूको छानबिनको सामना गर्नुपर्ने बताउनु भएको छ ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो थिम्पुमा भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुकसँग भेट गर्नुभयो।
- बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको मतदान हिज शान्तिपूर्ण रूपमा सम्पन्न भयो।
- विदेशमन्त्री डा. एस. जयशंकरले आज क्यानडाको ओन्टारियोमा आउटरिच पार्टनर्ससँगको G-7 विदेशमन्त्रीहरूको बैठकमा भाग लिनु हुनेछ।

**राष्ट्रपति - गेबोरोन**

राष्ट्रपति द्रौपदी मुर्मुले आज गेबोरोनमा बोत्सवाना बोत्सवानाका राष्ट्रपति डुमा बोकोसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ । उनीहरूले व्यापार र लगानी, प्रविधि, ऊर्जा, कृषि, स्वास्थ्य, औषधि, रक्षा र जनता-जनता सम्बन्ध जस्ता क्षेत्रमा द्विपक्षीय सहयोग बढाउन नयाँ अवसरहरूबारे छलफल गर्नेछन्। आफ्नो भ्रमणको क्रममा राष्ट्रपति द्रौपदी मुर्मुले सांसदहरूलाई सम्बोधन गर्नु हुनेछ। उहाले भारतीय सदस्यहरूसँग अन्तरक्रिया गर्नु हुनेछ अनि बोत्सवानाको ऐतिहासिक स्थलहरूको भ्रमण पनि गर्नु हुनेछ । बोत्सवानाको धेरै विशिष्ट व्यक्तिहरूले पनि उहासँग भेट गर्नेछन्। अंगोलाको भ्रमण समाप्त गरेपछि राष्ट्रपति हिजो साँझ बोत्सवानाको राजधानी गेबोरोन पुग्नु भएको छ । उहालाई बोत्सवानाका राष्ट्रपतिले विमानस्थलमा स्वागत गर्नु भयो । यस अवसरमा उहालाई २१ तोपको सलामी र गार्ड अफ अनरले स्वागत गरिएको थियो। यी दुई अफ्रिकी देशहरूमा भारतीय राष्ट्रपतिको यो पहिलो राजकीय भ्रमण हो।

**अमित शाह – दिल्ली विस्फोट**

केन्द्रीय गृहमन्त्री अमित शाहले दिल्ली बम विस्फोटमा संलग्न सबैले जाच एजेन्सीहरूको छानबिनको सामना गर्नुपर्ने बताउनु भएको छ । सोमबार लाल किल्ला नजिकै भएको कार बम विस्फोटपछिको अवस्थाको आकलन गर्न श्री शाहले हिजो नयाँ दिल्लीमा वरिष्ठ अधिकारीहरूसँग उच्चस्तरीय सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। उहाँले दिल्ली बम विस्फोटका लागि जिम्मेवार सबैलाई कारबाही गर्न अधिकारीहरूलाई निर्देशन दिनुभयो। पहिलो बैठकमा केन्द्रीय गृह सचिव, गुप्तचर ब्यूरोका निर्देशक, दिल्ली पुलिस आयुक्त र राष्ट्रिय जाच एजेन्सीका महानिर्देशक उपस्थित थिए। जम्मू कश्मीरका पुलिस महानिदेशक पनि भर्चुअल माध्यमबाट बैठकमा सामेल भए। दोस्रो बैठकमा केन्द्रीय गृह सचिव, गुप्तचर ब्यूरोका निर्देशक, राष्ट्रिय जाच एजेन्सीका महानिर्देशक, राष्ट्रिय सुरक्षा गार्ड (एनएसजी) का महानिर्देशक, फोरेन्सिक विज्ञान सेवाका निर्देशक, फोरेन्सिक विज्ञान प्रयोगशाला, दिल्लीका प्रमुख निर्देशक र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। यसैबीच, गृह मन्त्रालयले घटनाको अनुसन्धान राष्ट्रिय जाच एजेन्सीलाई हस्तान्तरण गरेको छ। शहरका सबै संवेदनशील क्षेत्रहरूमा सुरक्षा कडा पारिएको छ। दिल्ली पुलिसले

गैरकानूनी गतिविधि (रोकथाम) ऐन (UAPA), विस्फोटक पदार्थ ऐन, र भारतीय दण्ड संहिताको विभिन्न धाराहरू अन्तर्गत मुद्दा दर्ता गरेको छ। दिल्ली मेट्रो रेल कर्पोरेशनले सुरक्षा कारणले गर्दा लाल किल्ला मेट्रो स्टेशन बन्द रहने घोषणा गरेको छ।

**दिल्ली विस्फोट-छापा**

दिल्ली-एनसीआर अनि पुलवामाको कतिपय स्थानहरूमा गरिएको छापामारी अभियानमा सुरक्षा एजेंसिहरूले भारी मात्रामा विस्फोटक बरामद गरेको छ। सूत्रले बताए अनुसार 9 अनि 10 नोभेम्बरमा हरियाणाको फरीदाबादमा गरिएको छापामारीको क्रममा , एजेंसिहरूले लगभग तीन हज़ार किलोग्राम विस्फोटकसंगै डेटोनेटर, टाइमर अनि बम बनाउने अन्य सामग्री जफत गरेको छ। सूत्रले बताए अनुसार अधिक दबावको कारण संदिग्धले दिल्ली बम कांडमा यो कदम उठाएको हो। सूत्रले बताए अनुसार बम समयभन्दा पहिला नै बिस्फोट भएको अनि पूर्ण रूपमा विकसित भएको थिएन,जसको कारण सीमित मात्रामा असर पुगेको बताईएको छ ।

**प्रधानमंत्री- भूटान यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो थिम्पुमा भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुकसँग भेट गर्नुभयो। दुई नेताहरूले द्विपक्षीय सम्बन्धलाई अझ गहिरो र सुदृढ बनाउने बारेमा विचार आदानप्रदान गर्नुभयो। दुवैले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल गर्नुभयो।

दुई नेताहरूले भारतबाट ल्याइएको भगवान बुद्धको पवित्र पिप्राह्वा अवशेषहरू अगाडि प्रार्थना गर्नुभयो, जुन भखरै ताशिचोदजोङको ग्रान्ड कुएनरे हलमा राखिएको छ। दुई नेताहरूले संयुक्त रूपमा १२०० मेगावाटको पुनतसाङ्चु-II जलविद्युत परियोजनाको उद्घाटन गर्नुभयो, जुन भारत र भुटान बीचको ऊर्जा साझेदारीमा महत्त्वपूर्ण योगदान हो। नवीकरणीय ऊर्जा, मानसिक स्वास्थ्य र स्वास्थ्य सेवाको क्षेत्रमा द्विपक्षीय सहयोगलाई अझ बलियो बनाउन दुवैहरूको उपस्थितिमा तीनवटा सम्झौतापत्रहरू पनि आदानप्रदान गरियो।

यस अवसरमा भारतले ऊर्जा परियोजनाहरूको वित्तपोषणको लागि भुटानलाई ४ हजार करोडको सहुलियतपूर्ण ऋण सहायताको घोषणा गर्‍यो। दुवै पक्षले १२०० मेगावाटको पुनतसाङ्चु-I जलविद्युत परियोजनाको मुख्य बाँध संरचनामा काम पुनः सुरु गर्न पनि सहमति जनाए। भुटानमा भारतीय सहयोगमा हालसम्म पाँच जलविद्युत परियोजनाहरू सम्पन्न भइसकेका छन्।

BYTE

दुई पक्षबीचको द्विपक्षीय वार्ताले वाराणसीमा भुटानी मठ र अतिथि गृह निर्माणका लागि जग्गा अनुदानको पुष्टि गरेको छ। यस वर्ष ४ सेप्टेम्बरमा राजगीरमा एउटा भुटानी मन्दिरको उद्घाटन गरिएको थियो। भारतमा भुटानी मन्दिर स्थापनाको उद्देश्य भारत र भुटानबीचको सांस्कृतिक र आध्यात्मिक सम्बन्धलाई सुदृढ पार्नु हो।

दक्षिणी भुटानको गेलेफु माइन्डफुलनेस सिटीको विपरीत हातिसरमा अध्यागमन चौकी स्थापना गर्ने निर्णय पनि गरिएको छ। यसले पर्यटक र लगानीकर्ताहरूको सीमापार सहज आवागमनलाई सहज बनाउनेछ।

भुटानलाई विशाल भारतीय बजारमा पहुँच प्रदान गर्दै आसामको कोक्राझारबाट गेलेफु माइन्डफुलनेस सिटीसम्म रेलवे लिंक चाँडै स्थापना हुने अपेक्षा गरिएको छ।नवीकरणीय ऊर्जा, स्वास्थ्य र औषधिको क्षेत्रमा सहयोग र भुटानको मानसिक स्वास्थ्य प्रवर्द्धन र सेवाहरूको लागि राष्ट्रिय नोडल एजेन्सी - पेमा सचिवालय र भारतको राष्ट्रिय मानसिक स्वास्थ्य तथा स्नायु विज्ञान संस्थान - निम्हानस बीच संस्थागत सम्बन्धमा दुई देशबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

BYTE

प्रधानमन्त्री मोदीले आज भुटानका राष्ट्रपिता, त्यसका चौथो राजा, ड्रुक ग्याल्पो जिग्मे सिंगे वाङचुकलाई भेट्नुहुनेछ। स्वदेश फर्कनुअघि प्रधानमन्त्रीले तिब्बती बौद्ध धर्मको प्रमुख आध्यात्मिक कार्यक्रम कालचक्र समारोहमा पनि भाग लिनुहुनेछ।

**बिहार चुनाव**

बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको मतदान हिज शान्तिपूर्ण रूपमा सम्पन्न भयो। यस चरणमा अहिलेसम्मकै उच्च ६६.९१ प्रतिशत मतदान भएको थियो। कटिहार जिल्लामा सबैभन्दा बढी ७९.१० प्रतिशत मतदान भएको रेकर्ड गरिएको छ। किशनगंजमा ७८.१६ प्रतिशत, पूर्णियामा ७६.४५ प्रतिशत, सुपौलमा ७२.८२ प्रतिशत, पूर्वी चम्पारणमा

७१.५७ प्रतिशत र बांका ७०.७५ प्रतिशत मतदान भएको छ। यस चरणमा २० जिल्लाका १२२ सिटका लागि मतदान भएको थियो। बिहारमा नोभेम्बर ६ र नोभेम्बर ११ मा दुई चरणमा सबै २४३ विधानसभा क्षेत्रहरूमा मतदान भएको थियो। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले भन्नु भयो, बिहारका मतदाताहरूले स्वतन्त्र भारतमा इतिहास रचेका छन्। उहाले १९५१ पछि भएका सबै चुनावहरूमध्ये सबैभन्दा बढी मतदाता २०२५ मा रेकर्ड गरिएको छ , जुन लगभग ६६.९ प्रतिशत छ। हाम्रो संवाददाताले रिपोर्ट गरे अनुसार यस चुनावको सबैभन्दा उल्लेखनीय पक्ष महिला मतदाताहरूको उत्साहजनक सहभागिता थियो, जसले पुरुषहरू भन्दा बढी संख्यामा मतदान गरे। मतगणना 14 नोभेम्बरमा हुनेछ।

BYTE

**डा. जयशंकर**

विदेशमन्त्री डा. एस. जयशंकरले आज क्यानडाको ओन्टारियोमा आउटरिच पार्टनर्ससँगको G-7 विदेशमन्त्रीहरूको बैठकमा भाग लिनु हुनेछ। क्यानडाकी विदेशमन्त्री अनिता आनन्दको निमन्त्रणामा यो भ्रमण हुन लागेको हो। विदेश मन्त्रालयले भनेको छ डा. जयशंकरले G-7 विदेशमन्त्रीहरूको बैठकको क्रममा द्विपक्षीय बैठकहरू पनि गर्न सक्ने सम्भावना रहेको छ। मन्त्रालयले भनेको छ , विदेशमन्त्रीको सहभागिताले विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न र अन्तर्राष्ट्रिय मञ्चहरूमा ग्लोबल साउथको आवाजलाई बलियो बनाउन अन्तर्राष्ट्रिय साझेदारहरूसँग काम गर्ने भारतको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

**लोक सेवा दिवस**

आज लोक सेवा प्रसारण दिवस हो। यो दिवस प्रत्येक वर्ष 12 नोभेम्बरको दिन राष्ट्रपिता तथा स्वतंत्रता सेनानी महात्मा गांधीले रेडियोको माध्यमबाट दिनुभएको ऐतिहासिक संबोधनको अवसरमा मनाईने गरिन्छ।

**महाराष्ट्र- कृषि-प्रतीक चिह्न**

महाराष्ट्र कृषि विभागले ३८ वर्षमा पहिलो पटक पहिचान परिवर्तन गर्दै नयाँ लोगो र नारा अनावरण गरेको छ। मुख्यमन्त्री देवेन्द्र फडणवीसले हिजो मुम्बईमा उपमुख्यमन्त्री एकनाथ शिन्दे र अजित पवार साथै कृषिमन्त्री दत्तात्रेय भरणेको उपस्थितिमा नयाँ लोगो अनावरण गर्नुभयो। "शाश्वत शेट्टी, समृद्ध शेटकरी" वा "अनन्त खेती, समृद्ध किसान" - यो नारा १ हजार ७ सय भन्दा बढी प्रविष्टिहरू प्राप्त गर्ने राज्यव्यापी प्रतियोगिता मार्फत छनोट गरिएको थियो। श्री फडणवीसले नयाँ लोगोले आधुनिक, प्रविधि-संचालित खेतीप्रति सरकारको प्रतिबद्धताको प्रतीक भएको बताउनु भएको छ। श्री एकनाथ शिन्दे र श्री अजित पवारले यो पहलको प्रशंसा गर्दै यसलाई किसानहरूलाई सशक्त बनाउने दिशामा थप एक कदम भएको बताएका छन्।

****** ० ******